ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २३०
१० जेठ २०८० बुधबार
24 May. 2023, Wednsday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका
अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

# मधेसमा चौथोपटक मन्त्रिपरिषद विस्तार, दुई मन्त्री मन्त्रालयविहीन



**खबर दर्पण समाचारदाता**

**जेठ ९ गते, जनकपुर**

मधेस प्रदेशमा चौथोपटक मन्त्रिपरिषद विस्तार गरिएको छ । मुख्यमन्त्री सरोजकुमार यादवले नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादी पार्टीलाई सर कारमा सहभागी गराई मंगलबार चौथोपटक मन्त्रिपरिषद विस्तार गरेका छन् ।

मधेस सरकारमा नेपाली कांग्रेसबाट कृष्णप्रसाद यादवलाई भौतिक पूर्वाधार विकास मन्त्रालय र वीरेन्द्रप्रसाद सिंहलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी दिइएको छ भने नेकपा एकीकृत समाजवादीबाट गोविन्दबहादुर न्यौपाने भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री बनेका छन् ।

प्रदेश प्रमुख हरिशंकर मिश्रले नवनियुक्त तीनैजना मन्त्रीलाई नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन् ।

मुख्यमन्त्री यादवले गृह सञ्चार तथा कानुन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय आफूसँगै राखेका छन् ।

कांग्रेसबाट स्वास्थ्य तथा जनसंख्यामन्त्री बनेका सिंह प्रदेश सरकारमा दोस्रोपटक नेतृत्व गर्ने अवसर पाएका छन् । यसअघि उनी लालबाबु राउत नेतृत्वको सरकारमा महिला, बालबालिका, युवा तथा खेलकुदमन्त्री थिए ।

मुख्यमन्त्री यादवले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय जनमत पार्टीबाट खोसेर नेकपा एकीकृत समाजवादीको जिम्मामा दिएका छन् । यसअघि यस मन्त्रालयको जिम्मेवारी जनमत पार्टीका उपाध्यक्ष वसन्त कुशवाहाले सम्हाल्दै आएका थिए ।

गच २९ पुसमा मुख्यमन्त्री यादवसँगै नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादव, जनता समाजवादी पार्टीका सञ्जय यादव र जनमत पार्टीका वसन्त कुशवाहाले विनाविभागीय मन्त्रीको रुपमा शपथ लिएका थिए । मुख्यमन्त्री यादवले १२ माघमा विनाविभागीय मन्त्रीहरूको जिम्मेवारी तोकेका थिए ।

त्यस्तै, जसपाबाट गत २० माघमा सामाजिक विकास मन्त्रीको जिम्मेवारी पाएकी सुरिता साह पनि मन्त्रालयविहीन बनेकी छन् । उनको जिम्मेवारी पछि तोकिने बताइएको छ । सामाजिक विकास राज्यमन्त्री शेख अबु कलाम आजाद, गृह तथा सञ्चार राज्यमन्त्री केशव राय चौधरी र भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री सञ्जयकुमार यादवलाई पनि मन्त्रालयविहीन बनाइएको छ । उनीहरू जिम्मेवारी पनि पछि तोकिने भएको छ ।

मधेस प्रदेश सरकारको दोस्रो कार्यकालका लागि २९ पुस ०७९ मा शपथ लिएसँगै कार्यभार सम्हालेका मुख्यमन्त्री यादवलाई ४ माघमा बसेको प्रदेशसभा बैठकमा १०२ जना प्रदेशसभा सदस्यले विश्वासको मत दिएका थिए ।

१० दलमध्ये ७ दल र दुई स्वतन्त्र गरी ६३ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त हुँदा यादवलाई कांग्रेस, लोसपा र नेकपा एकीकृत समाजवादीले समर्थन गरेको थिएन । पछि लोसपाका ९ जना प्रदेशसभा सदस्यले पनि समर्थन दिँदा उनले ७२ सांसदको समर्थन पाएका थिए ।

त्यसपछि गत २१ चैतमा नेकपा एमालेबाट मधेस प्रदेश सरकारमा सहभागी मन्त्रीहरूले मुख्यमन्त्री यादवसमक्ष राजीनामा बुझाएका थिए । मुख्यमन्त्रीको निर्देशनपछि एमालेबाट मधेस सरकारमा सहभागी मन्त्रीहरूले राजीनामा दिएका थिए ।

केन्द्रमा एमालेसँग गठबन्धन भत्किएलगत्तै मुख्यमन्त्री यादवले एमालेका मन्त्रीलाई सरकारबाट हटाए । २९ पुसमा सरकारमा सहभागी भएको एमालेले साढे दुई महिनापछि सरकार छाड्यो । उसले त्यतिबेला सरकारलाई दिएको समर्थन भने कायमै राखेको थियो ।

१४ चैतमा मधेस प्रदेश सरकारले मन्त्रालयको नाम हेरफेर गरेपनि सोअनुसार मन्त्रीको जिम्मेवारी तोकिएको थिएन । प्रदेश मन्त्रिपरिषद्को बैठकले प्रदेश सरकार कार्य विभाजन नियमावली-२०७९ को अनुसूचीमा हेरफेर गर्दै प्रदेशका मन्त्रालयको नाम समायोजन गरिएको थियो ।

मन्त्रिपरिषद् बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्लगायत मन्त्रालयको संख्या ११ नै यथावत् राख्दै मन्त्रालयको नाम हेरफेर तथा समायोजन गरेको थियो ।

मधेसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत अर्थ मन्त्रालय, गृह तथा सञ्चार मन्त्रालय, उद्योग, पर्यटन तथा वन मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक

*बाँकी पृष्ठ २ मा*

## असन्तुष्ट तीन दलको निष्कर्ष- मुख्यमन्त्री यादवले सहमति विपरीत सरकार विस्तार



**जनकपुरधाम ।** मधेशका मुख्यमन्त्री सरोज कुमार यादवले सहमति विपरीत सरकार विस्तार गरेको ठहर गर्दै नेकपा माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनमत पार्टीको संयुक्त बैठक स्थगित भएको छ ।

आज प्रदेश सरकारमा दुई मन्त्री लिएर नेपाली कांग्रेस र एक मन्त्री लिएर नेकपा एस सरकारमा सहभागी भएको छ । काँग्रेस र नेकपा एस सरकारमा सहभागी भएलगत्तै माओवादीले सरकारबाट बाहिरिने निर्णय लियो ।

कांग्रेस र नेकपा एसका मन्त्रीहरु शपथ लिदै गरेका बेला सत्ता गठबन्धनका असन्तुष्ट तीन दिन माओवादी, लोसपा र जनमतका संसदीय दलका नेताहरु बैठक बसेको थियो ।

'मुख्यमन्त्री यादवले एकलौटी ढंगले सरकार विस्तार गरेलगत्तै बसेको तीन दलको बैठक आजको लागि तत्काल स्थगित भएको छ', लोसपा संसदीय दलका नेता अभिराम शर्माले भने, 'आज खासै निर्णय भएन । तर हामीले मुख्यमन्त्रीको एकलौटी निर्णयमा असन्तुष्ट व्यक्त गरेका छौं ।'

केन्द्रीय नेतृत्वसँग मुख्यमन्त्री बाहेक सबै मन्त्रालय खाली गरेर छलफल गरी मन्त्रालय बाँडफाँड गर्ने सहमती भएको थियो भन्दै उनले भने- तर मुख्यमन्त्री यादवले सहमती विपरित अगाडी बढे । हाम्रो भनाई छ-समान हैसियतमा व्यवहार गर्नुपर्छ ।

प्रदेश सरकार विस्तार, नीति तथा कार्यक्रम, राजनीतिक नियुक्ति लगायतका विषयमा आज छलफल गर्ने तय भएकोमा मुख्यमन्त्री यादव सबै छाडेर सरकार विस्तार गरेको उनको भनाई छ ।

मुख्यमन्त्री यादवको सिफारिसमा जनमत पार्टीको तर्फबाट मन्त्री बनेका बसन्त कुशवाहाको भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय खोसेर नेकपा एसका गोबिन्द न्यौपानेलाई दिएको छ ।

मन्त्रालय खोसेपछि जनमत पार्टी र थप एक मन्त्रालय नदिएपछि नेकपा माओवादी केन्द्र असन्तुष्ट बनेका छन् । सरकारबाट बाहिरिने निर्णय गरेपनि माओवादीले आफ्ना मन्त्रीलाई फिर्ता बोलाएको छैन ।

**जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।**

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

### किसानका लागि काम गर्दै आएको मधेसका कृषि मन्त्रीलाई किन हटाइयो?

मधेसमा कुर्सीको लागि रस्साकस्सी चलिरहेको छ। मन्त्रालय पाएको क्षेत्रमा विज्ञ होस् वा नहोस्, थौरै अनुभव होस् वा नहोस् तर मन्त्रालय चाहि मालदार नै चाहिएकै प्रसंग मधेस प्रदेश सरकारमा हर्न सकिन्छ। भागबन्डा गरेर लुट्न र कमाउनको लागि मात्र मन्त्री बन्ने गरेको देखिन्छ।

मुख्यमन्त्री सरोज कुमार यादवले पहिलो चरणमा विस्तार गरेको मन्त्रीमण्डलमारु जनमत पार्टीबाट २ मन्त्रालय र १ राजमन्त्री  सहित सरकारमा प्रवेश गरेका थिए। शिक्षा विज्ञान प्रविधि तथा वाणिज्य मन्त्रालय मा महेश प्रसाद यादव , भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मा ई. बसन्त कुशवाहा र सोहि कृषि मन्त्रालयको राज्यमन्त्री मा संजय कुमार यादव रहेका थिए।

मधेस प्रदेश सरकारमा रहेका मन्त्रीहरुमध्येरु भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री ई.बसन्त कुशवाहाले अरु मन्त्रीहरु भन्दा राम्रो काम गरिरहेको र योग्यता अनुसारको मन्त्रालय पाएर सहज तरिकाले काम गरिरहेको थियो। तर कुर्सीको लडाई र भागबन्डाको कारणले भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सम्हालेका कुशवाहालाई सोहि मन्त्री पदबाट हटाईएको छ।

मंगलबार मुख्यमन्त्री सरोज कुमार यादवले मन्त्रालय सहितको जिम्मेवारी तोकेर नेपाली काङग्रेसका २ र नेकपा एसका १ जनालाई मन्त्री बनाएपछि जनमत पार्टीले पाएको कृषि मन्त्रालय खोसिएको छ। कृषि मन्त्रालय सम्हाल्दै आएका कुशवाहालाई हटाएर नेकपा एकिकृत समाजवादी मधेस प्रदेश का संसदीय दलका नेता गोविन्द न्यौपानेलाई सोहि मन्त्रालयको जिम्मेवारी तोकिएको छ भने ई. बसन्त कुशवाहालाई बिना विभागीय मन्त्री मा नाम राखेको छ।

ई. बसन्त कुशवाहालेरु मधेशका किसानहरुको लागि छोटो समयमै अप्रत्यासित कार्य गरी किसानमाझ आफ्नो लोकप्रियता बढाएर चर्चा कमाउदै आएका थिए। कुशवाहालाई राजनीतिक प्रतिशोध साध्न समेत हटाईएको कुरा बुझिएको छ। जनमत पार्टीबाट मन्त्री बनेका कुशवाहा मधेश प्रदेशका अन्य मन्त्रीहरुको तुलनामा निरन्तर किसानको हकमा योजनाहरुमाथि काम गर्दै आएको मन्त्रीको रुपमा चिनिएको छ । उनले अहिले प्रदेशको ८ वटै जिल्लामा किसानको खेतको माटो परीक्षण शिविर चलाएका छन् । किसानहरुको लागि प्रविधि हिसाबले खेती गर्नको लागि तालिमकोरु व्यवस्था बारे निति तथा योजनाहरु आगाडि सारेको थियो। सधैं मलको मार खेप्दै आएका मधेश प्रदेशका किसानको लागि उनले अहिलेदेखि नै मलको जोहो गरी असार १ गतेदेखि पर्याप्त रुपमा आवश्यक मल खाद्य पाउने निश्चित गरिदिएका छन् । यधपी उनलाई बिनाकारण उनले पाएको मन्त्रालय गुमाएका छन्।जिम्मेवारी खोसियो । राजनीतिक दल र नेताहरूको लडाईको सिकार जनता कहिलेसम्म भइरहनुपर्ने हो ? "

# संसारीमाई महापूजाको तयारी तीव्र




**खबर दर्पण समाचारदाता**

**जेठ ९ गते, जलेश्वर**

जलेश्वरमा पाँच वर्षपछि लाग्न गइरहेको संसारीमाई मेला नजिकिँदै जाँदा खसीबोकाको माग र मूल्य बढेको छ। जेठ १९ देखि २६ गतेसम्म हुने संसारीमाई महापूजाका लागि खसीबोकाको माग बढेको स्थानीय बासिन्दाले बताएका छन्।

महापूजा मूल समारोह समितिका अध्यक्ष अशोक साहका अनुसार संसारीमाई महापूजाको अन्तिम दिन १० हजारभन्दा बढी खसीबोकाको बलि दिइने अनुमान छ। लामो अन्तरालपछि संसारीमाईको मेला लाग्ने भएकाले बलि प्रदान गर्नेको सङ्ख्या बढ्दै गएको र यस पटक १० हजारभन्दा बढी खसीबोकाको बलि प्रदान हुने अनुमान छ।

जलेश्वर नगर क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक घरबाट एक एक थान खसीबोका बलि प्रदान गर्ने प्रचलन रहेकाले माग बढेको साहको कथन छ। "माग बढेपछि मूल्य बढ्नु स्वाभाविक नै हो," अध्यक्ष साहले भन्नुभयो, "माग अनुसारका खसीबोका स्थानीयस्तरमै नपाइएमा भारतीय बजार गएर खसीबोका खरिद गर्न थालेपछि सीमापारि पनि माग र मूल्य बढेको छ।"

"अहिले बजारमा १० हजार रुपियाँभन्दा कम्तीका खसीबोका नै पाइँदैनन्," स्थानीय विजय साहले भन्नुभयो, "अन्य समयमा तौलको हिसाबले खसीबोकाको मूल्य रहने गरेको थियो तर अहिले हाराहारीमा १० हजारदेखि २० हजार रुपियाँसम्म मूल्यमा किन्नु परेको छ।" अन्य समयभन्दा अहिले खसीबोकाको मूल्य अचाक्ली बढेको गुनासो गर्दै उहाँले भन्नुभयो, "यति ठुलो मेला आयोजना हुँदा माग अनुरूप बजार व्यवस्थापनतर्फ पनि सम्बन्धित सरोकारवाला निकायले ध्यान दिनुपर्ने अति आवश्यक छ।"

यता पाँच वर्षपछि हुन लागेको संसारीमाई महापूजाको तयारी तीव्र पारिएको छ।

जलेश्वरनाथ महादेव मन्दिर अगाडि रहेको वरुणसरको पूर्वी मुहारमा अवस्थित संसारीमाई मन्दिरका पुजारी महेन्द्र मुखियाले जेठ २६ गतेका लागि महापूजाको तिथि तय गरेपछि तयारी तीव्र पारिएको मूल सामारोह समितिले जनाएको छ।

मेला स्थलको बाटोघाटो निर्माण गर्नुका साथै नगरभरि नै स्वागतद्वार निर्माण गरिएको र भव्य पन्डाल निर्माण कार्य पनि भइरहेको जनाइएको छ।

एक करोड रुपियाँभन्दा बढी खर्च हुने अनुमान गरिएको यस महापूजामा १० हजारभन्दा बढी बोका, हाँस, कुखुरा, परेवा, सुँगुर र राँगाको बलि दिइने अनुमान गर्दै समितिका अध्यक्ष साहले भन्नुभयो, "विभिन्न ठाउँबाट प्राप्त हुने सहयोग तथा पशु बलिका लागि लिइने शुल्कबाट महापूजाको खर्च सङ्कलन भइरहेको छ।"

संसारीमाईसँग भाकल गरेका भारत तथा विभिन्न जिल्लाका भक्तजनले समेत आआफ्ना गच्छे अनुसार बल दिने परम्परा रहिआएको छ।

परापूर्वकालमा महामारी आएर दर्जनौं व्यक्तिको मृत्यु भइरहेका बेला स्थानीयवासीले संसारीमाईलाई आह्वान गरी महामारी रोकिए पूजा गर्ने वचनबद्धता प्रकट गरेपछि माता संसारीमाईले महामारी रोकिदिएको र सोही बेलादेखि स्थानीयवासीले माता संसारीमाईको पूजा गर्दै आएको किंवदन्ती रहेको अध्यक्ष साहले बताउनुभयो। यो पूजा कहिले र कसले सुरु गरेको भन्ने बारेमा यकिन जानकारी नभए पनि जलेश्वर नगरको रक्षा गर्ने देवीका रूपमा संसारीमाईलाई लिने गरिएको जानकारी उहाँले दिनुभयो।

यसअघि प्रत्येक १२ वर्षमा यो महापूजा हुँदै आएको थियो। त्यसपछि सात वर्षमा र गएको केही वर्षदेखि पाँच पाँच वर्षको अन्तरालमा महापूजा भइरहेको छ। संसारीमाईको पूजा र भाकल गर्नाले दैवी प्रकोप नलाग्ने, सुख समृद्धि र शान्ति पाइने विश्वास रहेको छ। संसारीमाई महापूजामा यस वर्ष वृन्दावनका प्रसिद्ध रासलीला तथा प्रवचनकर्ता ल्याइने र १० लाखभन्दा बढी दर्शनार्थी पूजापाठमा सरिक हुने अनुमान रहेको मूल समारोह समितिले जनाएको छ।

## मधेसमा चौथोपटक...

विकास मन्त्रालय, खानेपानी तथा ऊर्जा विकास मन्त्रालय, कानून, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय, महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय र शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्रालयसहित ११ वटा मन्त्रालय रहेकोमा हेरफेर गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, गृह, सञ्चार तथा कानून मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, शिक्षा तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय कायम गरिएको थियो ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ओलीका स्वकीय सचिव राजेशलाई बालुवाटारमै १ करोड बुझाएँ : केशव दुलाल (बयानको पूर्णपाठ)

नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहका मुख्य योजनाकार केशव दुलालले पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका मुख्य स्वकीय सचिव राजेश बज्राचार्यलाई एक करोड रुपैयाँ दिएको बताएका छन्।

अनुसन्धान अधिकारीसमक्ष उनले २०७६ साल असोजमा टोपबहादुर रायमाझीका स्वकीय सचिव लिला जिसीमार्फत प्रधानमन्त्रीनिवास बालुवाटारमै १ करोड रूपैयाँ दिएको बयान दिएका छन्।

**यस्तो छ उनको बयान**

जाहेरवाला गजेन्द्र बुढाथोकीसँग मेरो चिनजान छैन, निजसँग चिनजान नभएको हुँदा निजले जाहेरी दरखास्त साथ पेश गरेको भनिएको विभिन्न व्यक्तिहरूको नाममा जारी भएको भुटानी शरणार्थी परिचय पत्रहरू निजले के कहाँ बनाई के-कसरी पेश गरेका हुन् मलाई जानकारी भएन, उक्त कार्यमा मेरो कुनै संलग्नता छैन।

जाहेरवालाहरू खगेन्द्र थेवे, निजको श्रीमती र बैनी तथा जाहेरवाला भुवन सिंह लिम्बूले दाबी गरेको कुरा झूटा हो, निजहरूको चिनजान र सम्पर्कमा रहेका आफन्तहरूसँग समेत मेरो कुनै चिनजान छैन, चिनजान नै नभएको मानिससँग रकम लिई भुटानी शरणार्थी बनाई अमेरिका लगी दिने भनी मैले समेत रु.१०,००,०००।- (दश लाख) लिएको छैन र सो कुरामा कुनै सत्यता छैन।

जाहेरवाला डिल बहादुर कुसारीले दाबी गरेको कुरा झूटा हो, निज र निजको छोरा महेन्द्र कुसारीसँग मेरो चिनजान र सम्पर्क छैन, निजहरूलाई मैले भुटानी शरणार्थी बनाई अमेरिका लगि दिने भनी कुनै कुराकानी समेत नगरेको र निजले दाबी गरेको रु.२०,००,०००/-(बीस लाख) र कम मैले लिएको छैन।

मेरो जाहेरवाला तथा निजले जाहेरीमा नाम उल्लेख गरेका राजेश अर्यालसँग समेत चिनजान नभएको हुँदा मैले निजबाट कुनै रकम लिएको छैन र निज राजेश अर्यालको खातामा रकम पठाउन समेत लगाएको छैन, जाहेरवाला डम्बर बहादुर खत्रीसँग मेरो कुनै चिनजान छैन, भुटानी शरणार्थी बनाई अमेरिका लैजाने भनी जाहेरवालाले दाबी गरेको रकम रु. १५,५०,०००।- (पन्ध्र लाख पचास हजार) मैले लिएको छैन।

जाहेरवाला सन्दीप वली र निजको दाइ असिम वलीसँग मेरो कुनै चिनजान छैन, निज असिम वलीलाई भुटानी शरणार्थी बनाई अमेरिका लैजाने भनी २०७७ सालदेखि २०७८ सालको पुससम्म पटक-पटक गरी रु.२०,००,०००।-(बीस लाख) लिएको छैन।

जाहेरवाला सुस्मा चन्द र निजका श्रीमान लोकबहादुर डि.सी.सँग मेरो कुनै चिनजान छैन, निज लोकबहादुर डि.सी.लाई भुटानी शरणार्थी बनाई अमेरिका लैजाने भनी २०७७ सालदेखि २०७८ सालको पुससम्म पटक-पटक गरी रु.२०,००,०००।- (बीस लाख) लिएको छैन।

जाहेरवाला मनहर खासँग मेरो कुनै चिनजान छैन, निजलाई भुटानी शरणार्थी बनाई अमेरिका लैजाने भनी २०७७ सालदेखि २०७८ सालको "सम्म पटक-पटक गरी रु.२५,००,०००/- (पच्चिस लाख) लिएको छैन।

जाहेरवाला भेषराज शर्मा लम्साल, जाहेरीमा नाम उल्लेख भएका दिवाकर बुढाथोकी र पूर्ण बहादुर पुनसँग समेत मेरो चिनजान र सम्पर्क छैन, जाहेरवालाले जाहेरीमा दाबी गरे अनुसार लक्ष्य बैंकको चेकमार्फत् दिवाकर बुढाथोकीको नाममा चेक काटी रु.१०,००,०००/- (दश लाख), सानु भण्डारीलाई रु. १,७९,४७,०००/- (एक करोड उनासी लाख सतचालिस हजार) र निज जाहेरवालाको साथी पूर्ण बहादुर पुनमार्फत रु.१,५०,००,०००।-(एक करोड पचास लाख) गरी जम्मा रकम रु.३,३९,४७,०००/- तीन करोड उनान्चालिस लाख सतचालिस हजार ) मैले लिएको छैन, सानु भण्डारीले लिएको भन्ने सम्बन्धमा मलाई जानकारी भएन।

जाहेरवाला रोशन शिवाकोटीसँग मेरो चिनजान र सम्पर्क छैन, निजलाई भुटानी शरणार्थी बनाई अमेरिका लगिदिने भनी पटक-पटक गरी जम्मा रकम रु.१५,००,०००/- (पन्ध्र लाख) बैंकमार्फत् तथा नगदै लिई भने अनुसार काम नगरी ठगी गरेको भन्ने व्यहोरा झूटा हो, मैले कुनै रकम लिएको छैन।

जाहेरवाला समिर शिवाकोटीसँग मेरो चिनजान र सम्पर्क छैन, निजलाई भुटानी शरणार्थी बनाई अमेरिका लगिदिने भनी पटक-पटक गरी जम्मा रकम रु.१५,००,०००।-(पन्ध्र लाख) बैंकमार्फत् तथा नगदै लिई भने अनुसार काम नगरी ठगी गरेको भन्ने व्यहोरा झूटा हो।

जाहेरवाला सन्तोष भट्टराईसँग मेरो चिनजान र सम्पर्क छैन, निजलाई भुटानी शरणार्थी बनाई अमेरिका लगिदिने भनी पटक-पटक गरी जम्मा रकम रु.१४,५०,०००/-(चौध लाख पचास हजार) बैंकमार्फत तथा नगदै लिई भने अनुसार काम नगरी ठगी गरेको भन्ने व्यहोरा झूटा हो।

जाहेरवाला सन्तोष भट्टराई र रामशरण केसीसँग मेरो कुनै चिनजान छैन, चिनजान नै नभएको व्यक्तिलाई अर्कै चिनजान नभएको व्यक्तिको बैंक खातामा रकम पठाउन लगाएको भन्ने कुरामा कुनै सत्यता छैन, मैले मिति २०७६।०४।२१ मा रु.४,५०,०००/- (चार लाख पचास हजार) र पुनः मिति २०७६/०५/२० गते रु.१०,००,०००।-(दश लाख) गरी जम्मा रकम रु.१४,५०,०००/-(चौध लाख पचास हजार) र कम जम्मा गर्न लगाई उक्त रकम मैले लिई ठगी गरेको छैन।

मिति २०८०/०१/०६ गते प्रहरीले प्रतिवादी सानु भण्डारीको घरबाट बरामद गरेको डायरी देखि पाएँ, सो डायरीको ञठ ब्ुचभ्ष् आइतबार ५ वैशाख २०७३ लेखिएको पानामा भुटानी शरणार्थीको लागि उठाइएको र कम विवरण भनी मिति २०७६-०२-२९ गते देखि २०७६-०३-२७ सम्म मेरो नाम दुलाल मामा भनी उल्लेख गरी निजले बुझाएको रकमको विवरण देखि पाएँ, उक्त मेरो नामबाट जम्मा भएको रकम मेरो आफैंसँग भएको रकम हो।

उक्त रकम डा. इन्द्रजित राईले मलाई र मेरो आफन्तहरू समेतलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाइदिन्छु त्यसको लागि केही रकम दिँदै गर्नु भनेको हुँदा निज ईन्द्रजित राईलाई बुझाउनको लागि भनी उक्त रकम मैले प्रतिवादी सानु भण्डारीलाई दिएको हुँदा मैले दिएको र कमको विवरण निजले आफ्नो डायरीमा उल्लेख गरेका रहेछन्।

म आफू र मेरो अन्य आफन्तहरू समेतलाई भुटानी शरणार्थी बनाई अमेरिका लगिदिने भनी डा. इन्द्रजित राई समेतले कुराकानी गरी रकम समेत लिई विश्वास दिलाएको र सोही विषयका समाचारहरू पत्रपत्रिकामा प्रकाशित भएको हुँदा सोही समाचारहरूमा प्रकाशित भएका विवरणहरू मैले मेरो मोबाइलमा फोटो खिचिराखेको हुँदा उक्त विवरण मेरो मोबाइलमा देखिएको हुनु पर्दछ।

मैले प्रयोग गर्ने गरेको प्क्ष संकेत दिइएको सामसुङ कम्पनीको मोबाइलमा रहेको Viber Account Keshab±9863591446 बाट 9860052100 nfO{ Sir Refusee Card holder ko matra lagat liyeko xare CA, new entry & non Entery ko lagat liyeko xaina re sabaiko garne hoena r hajur, sir Bikranta Basnet name gareko manxe le hajurko name liyera Bhutanese Refuseeko 70÷80 Janako card and travel Document banauxu vanera hidi raheko x are hajur भन्ने व्यहोराको म्यासेज मैले आफैंले लेखेको म्यासेज हो, उक्त म्यासेजहरू मैले तत्कालीन गृह मन्त्रालयमा गृह सचिवको रूपमा बहाल रहेका टेक नारायण पाण्डेलाई पठाएको म्यासेज हो।

निजले म र मेरा आफन्तलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिने भनी रु.१,२४,५०,०००।- (एक करोड चौबिस लाख पचास हजार रकम लिई विश्वास दिलाए। परिसरपछि हामीलाई भुटानी शरणार्थी परिचय पत्र उपलब्ध नगराएको अवस्थामा माथि म्यासेजमा उल्लेखित बस्नेतले भुटानी शरणार्थी परिचय पत्र र ट्राभल डकुमेण्ट बनाएको सूचना पाएको हुँदा सो कुरा हो होइन भनी गृह सचिवलाई हाम्रो काम किन भएन भनी बुझ्नका लागि उक्त म्यासेज पठाएको हो।

मैले म्यासेज पठाएको 9860052100 नं को मोबाइल तत्कालीन गृह सचिव टेक नारायण पाण्डेले नै चलाउने गरेको मोबाइल नं. हो।

उक्त मोबाइल नम्बर निजले नै मलाई दिई यो नम्बरमा सम्पर्क गर्न भनी निजले नै दिएको हुँदा उक्त मोबाइलमा मैले सम्पर्क गरी म्यासेज लगायत फोन सम्पर्क गर्ने गरेको थिएँ।

निजले म र मेरा आफन्तलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिने भनी विश्वास दिलाएपछि मैले निजलाई रु.१,२४,५०,०००/- ( एक करोड चौबिस लाख पचास हजार) रकम दिएको हुँ, रकम दिँदा के-कहाँ ल्याइदिन पऱ्यो भनी निजलाई सोध्दा निजले गृह मन्त्रालयमा नै ल्याइदिनु भनेको हुँदा मैले पटक-पटक गरी निज कार्यरत रहेको कार्यालयमा रहेको गोप्य कोठामा लगि उक्त रकम नगदै बुझाएको हुँ।

उक्त रकम मध्येको रु.२५,००,०००/- (पच्चिस लाख) निजको पि.एस.ओ. को रूपमा कार्यरत कामती थरका प्रहरीले सिंहदरबार भित्र रहेको कानून मन्त्रालय अगाडि सचिव ज्यू चढ्ने गाडी ल्याई नगदै बुझी लिएका हुन्।

मैले उक्त रकम निजलाई बुझाइ सकेपछि मैले सचिव टेक नारायण पाण्डेलाई फोन गरी रकम पाउनु भयो/भएन भनी बुझ्दा निजले मैले र कम पाइसकें भनी मलाई जाकारी गराएका हुन्।

मैले प्रयोग गर्ने गरेको मोबाइलमा भएको ध्जबतक बउउ बाट ञउबलतजक (ढडछञ्ञण्ञछठढछ), थ्कट्ट (ढडछञ्ञघघट्टघढट्ट) लाई जिल्ला प्रशासन कार्यालय शरणार्थी समन्वय ईकाई झापाको सूचना पठाएको देखिएको सही हो, उक्त सूचनारु पत्र-पत्रिकामा प्रकाशित भएको र तत्कालीन गृह सचिव टेक नारायण पाण्डेसँग बुझ्दा निजले ञ उबलतजक -9851015795_, Yam2 -9851332392_/ acc Thulung Zytha-9827379611_ लाई समेत पठाई दिनु भनी निजले नै नम्बर पठाई दिएको हुँदा मैले निजले पठाई दिएको ध्जबतक बउउ नं. मा मैले नचिनेका मानिसहरूलाई उक्त सूचना पठाउदिन भन्दा निजले केही फरक पर्दैन पठाई दिनु भनेको हुँदा मैले उक्त सूचनाहरू पठाइ दिएको हुँ।

तत्कालीन गृह सचिव टेक नारायण पाण्डेले म र मेरा आफन्त साथीहरूसँग भुटानी शरणार्थी बनाई अमेरिका पठाइ दिन्छु भनी माथि उल्लेखित र कम लिई काम गरी दिन्छु भनी सरकारले गरेका निर्णयका कागजपत्रहरू पठाइदिने गरेको हुँदा उक्त कागज पत्रहरू आदान प्रदान भएको हो।



हामी ठगिएको थाहा पाइ, दिएको रकम फिर्ता माग्दा हालसम्म फिर्ता पाएको छैन, आफैं पीडित भई हाल झूटा मुद्दा लगाई अनुसन्धानमा र हेको छु, हामी पीडितको रकम फिर्ता र झूटा मुद्दा खारेज गरी सफाइ पाउँ।

मैले माथि नाम उल्लेख गरेको भुटानी शरणार्थी बनाई रकम लिने भनिएका ध्जबतक बउउ ब्यअयगलत मा पटक-पटक कुराकानी गर्ने गरेका TN PANDAY29860052100 को मोबाइल चलाउने व्यक्ति टेक नारायण पाण्डे नै हुन्, निजले चलाउने गरेको निजको व्यक्तिगत तथा सरकारी मोबाइल नं. मा समेत मेरो पटक-पटक कुराकानी, टेक्स्ट म्यासेज र ध्जबतक बउउ मा मैले तत्कालीन अवस्थामा चलाउने गरेको हाल हराएको मोबाइल न. ९८५११३२९९९ र ९८०११४२९९९ समेतबाट कुराकानी र म्यासेज आदान-प्रदान गर्ने गरेको थिएँ।

उक्त म्यासेज र कुराकानी समेतको विवरण हेरी पाऊँ। उक्त म्यासेज मलगायत मेरा आफन्तहरूलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिने भनी रकम लिई ठगी गरी काम नगरेको हुँदा भुटानी शरणार्थी क्याम्पमा शरणार्थीको विवरण लिई फोटो खिच्ने काम भई राखेको सूचना पाएपछि मेरो र आफन्तको काम नभएको सिन्धुपाल्चोक तिरका मैले नचिनेका मानिसहरूको फोटो खिच्ने काम भइरहेको छ भनी निज गृह सचिव त्ट एब्ल्म्ब्ट्ट भन्ने टेक नारायण पाण्डेलाई म्यासेज लेखी मसँग लगेको सम्पूर्ण रकम फिर्ता गरी दिनु होस् भन्दा हालसम्म फिर्ता नपाइ पीडित भएको कुरा अवगत गराउँछु।

तत्कालीन गृहमन्त्री राम बहादुर थापा बादलले तपाईं र तपाईंको आफन्तलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाइ दिन्छु भनी निजका छोरा प्रतिक थापा मार्फत् मन्त्री क्वार्टर पुल्चोकमा बोलाई निज राम बहादुर थापा बादल राष्ट्रिय सभागृहको चुनाव हुनु भन्दा अगाडि रु.३,००,००,०००।- (तीन करोड) नगदै बुझी लिएको, प्रतिक थापाले नक्साल निलगिरी थकाली भन्सा घरको आँगनको उत्तर तर्फ रहेको होटलको माथिल्लो तलामा बोलाई मिति २०७६ साल असारमा रु.१,००,००,०००/- (एक करोड) बुझी लिएको।

त्यसै गरी तत्कालीन गृह सचिव प्रेम कुमार राईले डा.इन्द्रजित राईमार्फत गृह मन्त्रालयको सचिवको कार्य कक्षमा बोलाई मिति २०७६ साल साउन महिनामा रु.३,००,००,०००।-(तीन करोड) नगदै बुझी लिएको, तत्कालीन प्रधानमन्त्री के. पी. ओलीका प्रमुख स्वकिय सचिव राजेश बज्राचार्यले प्रधानमन्त्री क्वार्टर बालुवाटारमा ऊर्जा मन्त्री टोप बहादुर रायमाझीका प्रमुख स्वकीय सचिव लिला जि.सी. मार्फत मलाई बोलाई मिति २०७६ साल असोजमा रु.१,००,००,०००/-(एक करोड) नगदै बुझी लिएको, तत्कालीन ऊर्जा मन्त्री टोप र रायमाझी प्रमुख स्वकीय सचिव लिला जि.सी.ले प्रधानमन्त्रीकोमा पैसा पुगि सक्यो, सामाजिक समितिबाट भुटानी शरणार्थीको विषय निर्णय गर्नुपर्ने रहेछ, ऊर्जा मन्त्री ज्यू र मलाई पनि रकम चाहियो भनी ऊर्जा मन्त्रीको क्वार्टर पुल्चोकमा बोलाई सामाजिक समितिबाट निर्णय भएको अघिल्लो दिन बेलुका रु.१,००,००,०००/-(एक करोड) नगदै बुझी लिएका हुन्।

त्यसैगरी तत्कालीन प्रधानमन्त्री के.पी.शर्मा वलीका पूर्व सल्लाहकार डा.अजय क्रान्ति शाक्य (तत्कालीन इरायलका नेपाली राजदुत अन्जन शाक्यका श्रीमान) र तत्कालीन काठमाडौं महानगरपालिकाका मेयर विद्या सुन्दर शक्यका निजी सचिव राजेश्वर स्थापितले सामाजिक समितिबाट भुटानी शरणार्थीको विषयलाई निर्णय गर्न माथि रकमको अपुग भयो भनी तत्कालीन गृहमन्त्री राम बहादुर थापा बादल बस्ने पुल्चोकमा रहेको मन्त्री क्वाटरमा गृहमन्त्री राम बहादुर थापा बादल र ऊर्जा मन्त्री टोप बहादुर रायमाझीसँग मिटिङ गराई सकेपछि तपाईंहरूको काम हुने भयो भनी डा. अजय क्रान्ति शाक्य र राजेश्वर स्थापितले जनही रु.१,००,००,०००।-(एक करोड) बुझी लिएका हुन्।

नेपाल खबरबाट

# चट्याङ लागेर एकजनाको मृत्यु

रौतहट। रौतहटमा चट्याङ लागेर एकजना महिलाको मृत्यु भएको छ। मंगलबार बिहान वर्षा र हावाहुरीसँगै परेको चट्याङ लागेर मौलापुर नगरपालिका पतौरागाउँकी ३५ वर्षीया प्रतिमा देवीको मृत्यु भएको हो। आफ्नो गोठ नजिकैको ट्युबवेलमा पानी भर्ने क्रममा चट्याङ लागेर उनको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय मौलापुरका प्रमुख इन्स्पेक्टर नन्दकिशोर चौहानले जानकारी दिए ।

मृतक महिलाको शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल गौरमा पठाउने तयारी छ।

# करेन्ट लागेर एकजनाको मृत्यु, दुईजना घाइते

जनकपुरधाम। सप्तरीमा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ । यस्तै, दुईजना घाइते भएको प्रहरीले जनाएका छन् ।

मंगलबार बिहान करिब साढे ९ बजेको समयमा महादेवा गाउँपालिका ६ ढिक्कली टोल बस्ने २५ वर्षीय जवाहर मण्डले आफनै घरको जस्ता छाउने क्रममा करेन्ट लागेकोमा उनको काका ५१ वर्षीय उमेश मण्डल छुटाउन जाँदा दुबै जनालाई करेन्ट लागेको थियो । उपचारको क्रममा छिन्नमस्ता अस्पताल राजबिराजमा जबाहर मण्डलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै, उमेशको उपचार भईरहेको तथा अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

# जनकपुरका पूर्व मेयर लालकिशोर साहको अहँकार जमिनमा, ४ बर्षपछि पत्रकारहरुसँग मागे माफी

**खबर दर्पण समाचारदाता**

**जेठ ९ गते, जनकपुर**

जनकपुरधाम उपमहानगर पालिकाका निवर्तमान मेयर लालकिशोर साहले अन्ततः पत्रकार हरुसंग माफी मागेका छन् ।

चार दिन अघि जनकपुरधामको रामान्नद चोक स्थित परफेक्ट् प्लाजामा नेपाल बार एशोसिएसन जनकपुरधामका उप-सभापति विमल कुमार मिश्र र तत्कालिन उपमहानगरपालिकाका कानूनी सल्लाहकार विजय प्रताप सिंहको पहलमा भएको छलफलमा साहले गल्ती स्वीकार गरेपछि सोमबार धनुषा जिल्ला अदालतमा बेञ्च नम्बर ४ का न्यायधिश भिष्मराज प्रसाइ समक्ष उनले आफुहरुबाट भएको कमी कमजोरी लिखित रुपमा स्वीकार्दै मुद्दा फिर्ता लिन वादीहरु संग आग्रह गरेपछि मिलापत्र भएको हो ।

झण्डै ४ वर्ष देखीको लगातार पेशी पछि गाली बेइजती सम्बन्धि चलेको मुद्दामा अन्ततः निवर्तमान मेयर लालकिशोर साहकै आग्रहमा नेपाल पत्रकार महासंघ धनुषाका निवर्तमान अध्यक्ष अनिल कुमार मिश्र, कान्तिपुर टिभिका पत्रकार अमरकान्त ठाकुर, एपीवन टिभिका मधेश प्रदेश ब्यूरो प्रमुख विकास साहलगायतले मिलापत्र गरेको हो ।

सोमबार अदालतमा निवर्तमान मेयर लालकिशोर साह र उनका तत्कालीन चालक गंगाराम मण्डल भौतिकरुपमै उपस्थित भई न्यायधिश प्रसाइ समक्ष घटना स्वीकार गरेका थिए ।



२०७६ पुस २२ गते जनकपुरधाम उपमहानगरपालिकामा केही संचार कर्मीहरुले जानकी मन्दिरको पर्खाल मापदण्ड विपरित भत्काइएको सन्दर्भ र ८५ लाख रुपैयाँको चलखेल गरिएको गुनासो पछि सत्यतथ्य बुझ्न कार्यालयमै गइ प्रतिक्रिया लिन पुगे पछि सो घटना भएको थियो । तर, लालकिशोर साहले आफ्नो कार्यकक्षमै पत्रकार अमरकान्त ठाकुर, अनिल कुमार मिश्र, सुभाष कर्ण, सुमित मिश्र, राजा झालगायतलाई गाली बेइज्जती गर्दै कार्यकक्ष बाहिर लगि अमानवीय व्यवहार गरेको थियो ।

यसअघि पनि अभद्र व्यवहार मुद्दामा जिल्ला प्रशासन कार्यालय धनुषाले दुई जनालाई दोषि ठहर गरेको थियो ।

धनुषाका तत्कालीन प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले २०७८ असार २३ गते व्यवसायी धर्मेन्द्र साहलाई ५ सय र निवर्तमान मेयर साहका सचिवालयमा रहेका उपेन्द्र कुमार साहलाई १ हजार रुपैयाँ दण्ड जरिवानाको फैसला गरेको थियो । तर, यस घटनामा उल्टै निवर्तमान मेयर साहले आफ्नो गल्ती ढाकछोप गर्न उपमहानगर पालिकाको कामकाज १० दिनसम्म ठप्प गरी कार्मचारी र आफ्ना समर्थकहरुबाट पत्रकारहरु विरुद्ध नारा जुलुससमेत गर्न लगाएका थिए ।

आफ्नो गल्ती र कमीकजोरी ढाकछोप गर्न जनकपुरधाम उपमहानगरपालिकाकै कमकाज बन्द गरेपछि सेवाग्राहीहरु समस्यामा परेका थिए। सेवाग्राही र नागरिक समाजको दवावपछि उपमहानगरपालिकाको कामकाज सुचारु भएको थियो ।

# तोडफोडबाट सुवर्ण गाउँपालिकामा ३ करोडको क्षति

**खबर दर्पण समाचारदाता**

**जेठ ९ गते, बारा**

बाराको सुवर्ण गाउँपालिकाको एक प्रधानाध्यापकको सरुवाको विषयलाई लिएर सोमबार भएको हिंसात्मक तोडफोडमा साढे तीन करोड भन्दा बढीको क्षति भएको छ ।

गाउँपालिकाका अध्यक्ष राजेशप्रसाद यादवले प्रहरीको प्रारम्भिक अनुमान अनुसार साढे तीन करोड भन्दा बढीको क्षति पुगेको बताए ।

गत ३ गते गाउँ शिक्षा समिति बैठकले दुई जना प्रधानाध्यापक र सात जना शिक्षकहरुको सरुवा गर्ने निर्णय गरेको थियो । तर त्यहि सरुवा भएकाहरु मध्ये नेरा मावि हर्दिया औरहियाका प्रधानाध्यापक रामएकवाल प्रसादको सरुवाको विषयलाई लिएर पालिकाको कार्यालय तोडफोड भएको हो ।

प्रधानाध्यापक सरुवा हुन नचाहिर हेको तर उनलाई सम्झाइ बुझाइ गरेपछि सरुवाको पत्र बुझेर गएको तर उनैको उक्साहटमा यो घटना घटेको पालिकाले जनाएको छ ।

सोमबार साढे सात बजेतिर विद्यार्थीलाई साथ लिएर अराजक व्यक्तिहरुले तोडफोड गरेको पालिका अध्यक्ष यादवले बताए । घटना पश्चात पालिकाले आपतकालीन बैठक बसेर प्रधानाध्यापक माथि आवश्यक छानबिन गर्नुको साथै घटनाको विषयमा छानबिन गर्ने र दोषी माथि कडा कारबाही गर्ने निर्णय गरेको पालिकाले जनाएको छ ।

तोडफोडमा संलग्नहरु छलफल अथवा केही गर्ने भन्दा पनि तोडफोड गर्ने उद्देश्यले नै गएको देखिएको शिक्षा शाखा प्रमुख विद्यानाथप्रसाद यादवले बताए । उनले भने, 'उनीहरुको उद्देश्य नै तोडफोड गर्ने देखिन्छ । किनभने कार्यालय समय खुल्न अघि सबै तोडफोड भएको छ ।'

विद्यार्थीले तोडफोड गरेको भनिए अथवा विद्यार्थीको सहभागिता देखिए पनि अरु नै अराजक व्यक्तिहरुको सहभागिता भएको उनी बताउँछन् । भन्छन्, 'विद्यार्थीको नाममा अरुले नै तोडफोड मच्चाएका हुन् । विद्यार्थीहरु आफैं यस्तो अपराधिक काम गर्नै सक्दैनन् । विद्यार्थीलाई उचालेर अरुले नै घटना घटाएका हुन् ।'

उनीहरुले पालिकामा ढुंगामुढा गर्नुको साथै कुर्सी, टेबल, कम्प्युटर , ढोका, जेसीबी, कर्मचारीहरुको मोटरसाइकल तोडफोड तथा आगजनी गरेका छन् । ठूलो संख्यामा ढुंगामुढा, लाठी, मुङरोसहित पालिका प्रवेश गरेको भिडियोहरुमा देख्न सकिन्छ ।



प्रहरीले स्थिति नियन्त्रण गर्नका लागि अश्रुग्याँस प्रहार गर्नुपरेको थियो । पालिका अध्यक्ष यादव विद्यार्थीको आवरणमा राजनीतिक भएको बताउँछन् । उनी भन्छन्, 'विद्यार्थीको नाममा राजनीतिक भयो । अरु नै व्यक्तिहरुले अराजक गतिविधि गरेको देखिन्छ ।'

फोटो, भिडियोमा देखिएको व्यक्तिहरुको पहिचान गरेर उजुरी दिने तयारी पालिकाले गरिरहेको छ । अध्यक्ष यादवले भने, 'हामीले उजुरीसँगै निष्पक्ष छानबिन गरेर दोषीमाथि हदैसम्मको कारबाही गर्नुपर्छ माग राख्छौं । किनभने विद्यार्थीको नाममा यस्तो अपराधिक क्रियाकलाप गर्नु र विद्यार्थीलाई उक्साउनु गम्भीर अपराध हो ।'

बालबालिकाहरूलाई अनिर्वा विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

मठिहानी नगरपालिका कार्यालय
महोत्तरी

हार्दिक अपिल

फागुनदेखि जेठ महिनासम्मको अवधि हावाहुरी तथा आगलागीका घटना बढी हुने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीतेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीले जथाभावी आगो बाल्दा हुनसक्ने आगलागीका घटनाबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

बर्दिवास नगरपालिका
महोत्तरी

हार्दिक अपिल

फागुनदेखि जेठ महिनासम्मको अवधि हावाहुरी तथा आगलागीका घटना बढी हुने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीतेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीले जथाभावी आगो बाल्दा हुनसक्ने आगलागीका घटनाबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

औरही नगरपालिका
महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा